# ओखलढुङ्गा जिल्ला अदालत

## ओखलढुङ्गा

प्रशासन शाखा

जिल्ला न्यायाधीश ०३७-५२०१७२
श्रेस्तेदार ०३७-५२०१९५
फ्याक्स न. ०३७५२०६०९
Email:info.dcokhaldhunga@supremecourt.gov.np

पत्र सङ्ख्या ०७७/०७८
च.न.

मिति-२०७८/०१/२२

## सूचना ! सूचना !! सूचना !!!

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाईरस (कोभिड १९) को संक्रमण नेपालमा पनि तिब्र रुपमा फैलिरहेको सन्दर्भमा यसको रोकथाम र नियन्त्रणको लागी नेपाल सरकारले बिभिन्न मापदण्ड सहितको आदेश जारी गरी सकेको अवस्थामा सम्मानित सर्बोच्च अदालतको मिति २०७८।०१।१४ गतेको पुर्ण बैठकबाट जिल्ला अदालत समेतको हकमा स्थानीय परिस्थिति एबम् जोखिमको अवस्थालाई मुल्याङ्कन गर्दै उपयुक्त देखिएको काम कार्वाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धित अदालतले गर्ने भन्ने निर्णय भएको र मिति २०७८।१।२१ गते जिल्ला सदरमुकामस्थित सिद्दिचरण नगरपालिकाको बैठकले मिति २०७८।१।२२ गते विहान ६ बजेदेखि २०७८।१।३१ गतेसम्म सवारी साधन सञ्चालनमा पूर्णतया रोक लगाउने गरी निर्णय समेत गरेकोले यस अदालतमा रहेका मुद्दाका पक्षहरु अदालतसम्म आउन जान सक्ने अवस्था देखिएन। काठमाडौं उपत्यका लगायत अधिकांश जिल्लाहरुमा समेत निषेधाज्ञा जारी भएको कारण सर्बसाधारणको आवागमनमा सहजता नभएकोले यस अदालतवाट हुने काम कारवाहीहरु समेत प्रत्यक्ष प्रभावित हुने देखिएको हुंदा मिति २०७८।०१।२२ गतेदेखि मिति २०७८।१।३१ गतेसम्म यस अदालतबाट हुने काम कारवाही मध्ये देहाय बमोजिमका कामकारवाही मात्र सम्पादन हुने गरी यस अदालतबाट मिति २०७८।०१।२२ मा निर्णय भएको हुँदा सम्बन्धित सबै सरोकारवाला तथा सेवाग्राहीहरुलाई जानकारीको लागी यो सूचना जारी गरिएको छ।

१. पक्राउ पुर्जी, म्याद थप, कल डिटेल अनुमती र जरुरी पक्राउ पुर्जीको समर्थनसंग सम्बन्धित कार्य।
२. अभियोग दर्ता, अभियोग पत्रसाथ पेश भएका अभियुक्तको वयान लिने, थुनछेक गर्ने।
३. बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञा सम्बन्धी निवेदन दर्ता तथा सुनुवाई गर्ने ।
४. प्रहरी द्वारा पक्राउ भएका फरार प्रतिवादीको वयान तथा थुनछेक सम्बन्धी कार्य गर्ने।
५. फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदन संग सम्बन्धित कार्य गर्ने।

(नोटः- उल्लेखित सेवा बाहेक अन्य सेवाहरु स्थगन गर्ने। काम कारवाही तथा सेवाप्रवाह स्थगन भएका अबधिलाई शुन्य समय मानी सो अबधिमा मुद्दा रिट तथा निवेदनहरुमा रहेका हदम्याद र तारेख समेत नगुज्रने एवं अन्य ब्यबस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने।)

२०७८/१/२२